# स्थानीय राजपत्र

पुतलीबजार नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ८ , संख्या ६, पारित मिति : २०८१/०३/०९, प्रकाशित मिति : २०८१/०३/२४**


## भाग १

**पुतलीबजार नगरपालिका**

**आर्थिक ऐन २०८१**

**पुतलीबजार नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावनाः**

पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निम्ति स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम पुतलीबजार नगरपालिकाको पन्ध्रौं नगर सभाले यो ऐन तयार गरेकोछ ।

**संक्षिप्त नाम र प्रारम्भः**यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ । यो ऐन नगर सभाबाट पारित भएपछि २०८१ साल श्रावण १ गतेदेखि पुतलीबजार नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

१. **सरसफाइ सेवा शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र अनुसुचि १ मा उल्लेख भए अनुसार सरसफाइ शुल्क लगाउने र असुल उपर गरिनेछ ।

२. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची २ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

३. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची २ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

४. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची २ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

५. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची २ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

६. **प्राकृतिक श्रोत साधन विक्रीकर :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ क (च) अनुसार ढुगा, गिट्टी बालुवा लगायतका प्राकृतिक श्रोत साधनमा लाग्ने करको दर प्रदेश सरकारले तोकी नगरपालिकाले संकलन गर्ने व्यवस्था भएकोले सोही बमोजिम कर संकलन गरिनेछ । अनुसूची -२

७. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र-याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र-याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूची २ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा तथा नगरपालिकामा स्थायी दर्ता नभइ घुमफिर गरी व्यवसाय गरेका व्यवसायीहरु सग अनुसूची २ मा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची २ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची २ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

११. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची ३ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ

१२. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ४ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुनमा भएको व्यवस्था सोहि बमोजिम हुनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची २ र ४ मा व्यवस्था भए अनुसार शुल्क तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

१४. **भूमि कर (मालपोत**) : पुतलीबजार नगरपालिका क्षेत्रभित्र सम्पतिकर लागु हुन भन्दा अगाडिको अवधिको अनुसूची ५ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

१५. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूची ५ बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ।

१६. **घर नक्शा पास दस्तुरः** यस नगरपालिका भित्र घर टहरा पसल भवन लगायतका भौतिक संरचना निर्माण गर्दा अनुसुची ६ बमोजिमको नक्शापास दस्तुर लिइनेछ ।

**१७. कर छुट तथा फिर्ताः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर कर संकलनको कार्यविभिन्न संघ संस्थाहरुको सझेदारीमा गर्ने गरी कार्यपालिकावाट निर्णय भएमा सोही अनुसार संघ संस्थालाई फिर्ता दिन र विषम परिस्थितिको अवस्थामा र तोकिए बमोजिमका लक्षित वर्ग र समुदायलाई कर शुल्क दस्तुर छुट तथा फिर्ता दिन वाधा पर्ने छैन ।

**१८. कर तथा सेवाशुल्क, दस्तुर संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर, सेवाशुल्क, दस्तुर संकलन विभिन्न अनुसूची तथा नगर कार्यपालिकाले तोकेको कार्यविधि बमोजिम लिइनेछ ।

**१९. कर तथा सेवाशुल्क, दस्तुर संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर, सेवाशुल्क, दस्तुर संकलन विभिन्न अनुसूची  तथा नगर कार्यपालिकाले तोकेको कार्यविधी बमोजिम लिइनेछ ।

**२०. सडक उपयोग शुल्क :** यस नगर क्षेत्र भित्रका सडकहरूमा लिइदै आएको पटके शुल्क तथा सडक उपयोग शुल्क खारेज गरिएको छ ।

**२१. लगानीमा व्याजदरः** नगरपालिकाको कानून बमोजिम नगरका नागरिकहरुलाई स्वरोजगार वनाई आय वृद्धि गर्न तथा नगरपालिकाको आय वृद्धि गर्न लगानी गरिएमा सो लगानी वाट तोकिए बमोजिम व्याजदर तथा लाभांश लिन सकिनेछ ।

**२२. बाधा अड्काउ फुकाउः** कर संकलन करका दर आदि विषयमा दुविधा भएमा वा थप गर्नु परेमा नगरकार्यपालिकावाट वाधा अड्काउ फुकाउनको लागि आवश्यक निर्णय गर्न सकिनेछ ।

आज्ञाले,

चिरन्जीवी पौडेल,

प्रमुख प्रशासकीय अधिकृत,